कञ्चनरुप नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**कंचनपुर, सप्तरी**

२ नं. प्रदेश, नेपाल

## 4WD Ambulance खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

### (प्रथम पटक प्रकाशित मिति २०७७/०२/०५)

चालू आ.व. २०७६/०७७ मा यस नगरपालिकाको लागि आवश्यक तपसिल बमोजिमका सवारी साधन दरभाउपत्रको माध्यामद्वारा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत विक्रेता तथा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको खुला दरभाउपत्र आव्हान गरिएको छ ।

| क्र. सं. | दरभाउपत्र को विवरण | ठे.नं. | आवश्यक संख्या | इकाई | शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र मान्यहुने अवधि | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति, समय र स्थान | दरभाउपत्र वापत राख्नुपर्ने विडवण्ड | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 4WD Hard Top Jeep, power output not less than 45KW | KRM/SPT/SQ–01/076/077 | २ (दुई) | थान | २०७७।०२।१९ कार्यालय समय ५:०० बजेसम्म | दरभाउपत्र दाखिला गर्ने मितिबाट कम्तिमा ४५ दिन | २०७७।०२।२० दिनको १२:०० बजेसम्म | २०७७।०२।२० गते दिनको १:०० बजे कञ्चनरुप न.पा.कंचनपुर, सप्तरी | ५०,०००।- | १,०००।- |

१. दरभाउपत्र फाराम र सोसँग सम्बन्धित Specification यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म इच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७६/०७७ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणापत्र संलग्न गरी कार्यालय समयमा यस नगर कार्यपालिकाको कार्यालय कंचनपुर, सप्तरीबाट शिलबन्दी दरभाउपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम माथि उल्लेखित मिति र समयमा उपस्थित दरभाउपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (दरभाउपत्रदाता / प्रतिनिधि उपस्थित नभए पनि) यस कार्यालयमा खोलिने छ ।

३. दरभाउपत्र पेश गर्दा माथि उल्लेखित रकम बराबरको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको दरभाउपत्र जमानत (बिडबन्ड) संलग्न हुनु पर्नेछ । उक्त विडवण्ड रकम यस कञ्चनरुप नगरपालिकाको नाममा रहेको कृषि विकास बैंक शाखा कंचनपुर, सप्तरीको धरौटीखाता नं. ११०३६००६४८४३२१०२ मा जम्मा गरी जम्मा गरेको सक्कल प्रति बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट कम्तिमा यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड संलग्न गरी पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्रमा दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।

८. उपलब्ध गराउनु पर्ने सवारी साधन यस कार्यालयले निर्धारण गरेको टेक्निकल स्पेशिफिकेशन बमेजिम हुनु पर्नेछ, सवारी साधनको टेक्निकल स्पेशिफिकेशन सहितको सक्कल क्याटलक दरभाउपत्र साथ समावेश गरी Servicing, Warranty आदि सम्बन्धमा समेत खुलाउनु पर्नेछ ।

९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु शिलबन्दी दरभाउपत्र फाराम साथ उपलब्ध हुने सूचना तथा शर्तहरु एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

११. अन्यउल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार तय भए बमोजिम हुनेछ ।

१२. विस्तृत जानकारीको लागि सम्पर्क नं. ०३१-५६०११४ र मो. नं. ९८५२८४४१११ मा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत